# झिमरुक गाउँपालिकाको आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम

झिमरुक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भ्यागुते, प्युठान

लुम्बिनी प्रदेश, नेपाल

१० असार, २०८१

झिमरुक गाउँपालिकाको गाउँसभामा पेश भएको नीति, कार्यक्रम तथा वजेटको सम्बन्धमा झिमरुक गाउँपालिकाका अध्यक्ष एवं स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका संयोजक श्री पित बहादुर महतराज्यूबाट गाउँसभामा प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम

**गाउँसभाका उपाध्यक्षज्यू ,**

**सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरु,**

**सभाका सचिवज्यू एवम् सबै कर्मचारीहरु,**

**संचारकर्मी तथा पत्रकारज्यूहरु,**

अन्य उपस्थित महानुभाव तथा सुरक्षाकर्मी साथीहरु,

झिमरुक गाउँपालिकाको सभा अध्यक्षको हैसियतमा आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु।यस अवसरमा विभिन्न कालखण्ड हुँदै समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था स्थापना, नेपालको उन्नति, प्रगति तथा समृद्धिका लागि संघर्ष गर्ने क्रममा आफ्नो ज्यानको बलिदान गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइते तथा अपाङ्ग एवं वेपत्ता भएका परिवारजनप्रति सम्मान एवं सहानुभुति प्रकट गर्दछु। राष्ट्रियता, राष्ट्रिय हित एवं जनजीविका र न्यायपूर्ण संघर्षको नेतृत्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्दै नेपाली समाजको रुपान्तरणमा सहयोग पुऱ्याउनु हुने सबैको योगदानको स्मरण गर्न चाहन्छु ।

हामीसंग रहेको सिमित श्रोत साधनको अधिकतम सदुपयोग गरी समृद्ध गाउँपालिका बनाउने अवसर र चुनौती रहेको छ । जनताप्रति उत्तरदायी स्थानीय सरकार र जनप्रशासनबाट मात्रै गाउँपालिकाले लिएका नीति र लक्ष्यहरु छिटोछरितो रुपमा पुरा गर्न सकिन्छ भने जागरुक, श्रृजनशिल, स्वस्थ र चेतनशिल जनसमुदायको पहल कदमिबाट मात्र यस गाउँपालिकाको समृद्धि हासिल हुन सक्दछ ।

विकासका सम्भाव्य अवसरहरुलाई सामाजिक न्याय, क्षेत्रिय सन्तुलनका साथसाथै साधन श्रोतको वास्तविक रुपमा कार्यान्वयन गर्न आवश्यकताका आधारमा प्राथमिकीकरण गरी सन्तुलित विकासका निम्ति निर्दिष्ट नीतिहरु अवलम्वन गरी आर्थिक वर्ष २०८१/८२ को गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरीएको व्यहोरा गरीमामय सभा समक्ष निवेदन गर्न चाहन्छु ।

**सभाका सदस्यज्यूहरु,**

आवश्यकता प्राथमिकता, सम्भाव्यता, औचित्यताका साथसाथै बजेटको सिमितताका विचबाट विकासको बाटो पहिल्याउने मुल उद्देश्यले यो नीति, कार्यक्रम तथा बजेट ल्याइएको छ । सोही उद्देश्य पुरा गर्न देहाय अनुसारका आधार र मार्गदर्शनमा टेकेर वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण गरीएको छ ।

१. नेपालको संविधानमा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारहरुको सुची ,
२. संविधानमा उल्लिखित राज्यको उदेश्य ,नीतिहरु तथा मौलिक हकहरु,
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म तथा उद्देश्य,
४. संघीय तथा प्रदेश सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
५. संघीय तथा प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तिय नीतिहरु,
६. नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु,
७. संघीय सरकारका क्षेत्रगत नीति, रणनीति योजना तथा अध्ययन प्रतिवेदनहरु,
८. समपुरक तथा विशेस अनुदान र सहलगानी सम्वन्धी कार्यविधि
९. विकासका समसामयिक मुद्धाहरु (दिगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, पोषण सुरक्षा ,लैगिक सशक्तिकरण, पूर्ण सरसफाई, पूर्ण खोप, फोहोर मैला व्यवस्थापन जस्ता विषयहरु,
१०. स्थानीय तहको प्रमुख समस्या र सम्भावना तथा अन्य आवश्यक देखेका अन्य विषयहरु
११. झिमरुक समृद्दी कार्यशालावाट प्राप्त सुझावहरु

**सभाका सदस्यज्यूहरु ,**

नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक समाबेशी प्रतिनिधित्व, समतामूलक समाज, तीन खम्बे आर्थिक नीति, समाजवाद उन्मुख अर्थतन्त्र, सबै प्रकारका भेदभाव उन्मूलन, नागरिक स्वतन्त्रता लगायतका मौलिक हकहरुको कार्यान्वयन एवम् कानुनी राज्यको मूल्य मान्यतालाई स्थापित गर्ने नीति अख्तियार गरिनेछ ।

गाउँपालिकाको आवश्यकता परिपूर्ति गर्न शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, पर्यटन, उद्योग, खानेपानी जस्ता क्षेत्रलाई उच्च प्राथमिकतामा राखी प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

संघीय सरकार, प्रदेश सरकार, तथा झिमरुक गाउँपालिका बिच सहकार्य समन्वय तथा सहअस्तित्वका आधारमा समपुरक तथा विशेष योजनाहरु सञ्चालन गर्ने कार्यलाई प्राथमिकता दिई बजेटको सुनिश्चितता गरिनेछ ।

अन्तरपालिका विच सहकार्य गरी विकासका कार्यहरु अगाडि वढाइ पालिका विचको अन्तरसम्वन्धलाई अझ मजबुत वनाइने निति अंगिकार गरिने छ ।

दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरणका लागि आवश्यक नीति तथा कार्ययोजना तयार गरी दिगो विकासका लक्ष्य पुरा गर्नका लागि क्षेत्रहरुको पहिचान गरी कार्यक्रम कार्यान्वयन गरिनेछ

**"हाम्रो झिमरुक राम्रो झिमरुक"** भन्ने मूल ध्येय लिई समग्र झिमरुकको आर्थिक सामाजिक विकासको लागि आ.व. २०८१/८२ मा बजेट विनियोजन गरिनेछ । यस झिमरुक गाउँपालिकामा विकास निर्माणका कार्यहरुलाई प्रभावकारी वनाउन र सम्पूर्ण जनताको पहूँच पुऱ्याउनका लागि हाम्रो विकास नीति समतामूलक हुनेछ । विकासलाई पहुँचका आधारमा नभई आवश्यकताको आधारमा अगाडि वढाइने छ ।

**सभाका सदस्यज्यूहरु ,**

**अब म पूर्वाधार विकास तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

**भौतिक पूर्वाधार, सडक,पुल,आवास र उर्जा**

**१.** वडा केन्द्रसँग जोडिएका ८ वटै वडाका सडकहरुको स्तरउन्नती गरिनेछ। अधुरो अवस्थामा रहेका सबै आयोजनाहरुलाई वजेटको सुनिश्चितता गर्दै कार्यान्वयन प्रकृयालाई निरन्तरता दिइनेछ ।

२. योजना बैंकमा आधारीत रही योजना सञ्चालन गरिनेछ । पर्यटकीय स्थलहरुको पूर्वाधारहरु निर्माण गर्ने कार्यलाई निरन्तरता दिईने छ।

३.	सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत विपन्न परिवारका लागि खरको छानो विस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४.	प्राथमिकताको आधारमा छनोट भई निर्माण भईरहेको चिसावाङ झो.पुको कार्य यस वर्ष निर्माण सम्पन्न गरिने छ ।आगामी वर्ष ढाडा पिडाल्ने, वासाखोला झोलुङ्गे पुल र मच्छि वजार झो.पुको निर्माण कार्यलाई अगाडि बढाइनेछ ।

५.	गाउँपालिका भित्रका मुख्य-मुख्य आयोजनाहरुको विस्तृत पूर्व संभाव्यता अध्ययन गरिनेछ ।गाउँपालिकाको आवधिक योजना निर्माण तथा जग्गा वर्गिकरण कार्यलाई आ. व २०८१/८२ वर्षमा सम्पन्न गरिनेछ।

६.	विभिन्न क्षेत्रबाट लागत साझेदारीका रुपमा संञ्चालन गर्नु पर्ने आयोजना तथा कार्क्रमहरु सञ्चालनका लागि आवश्यक (म्याचिङ्ग फण्ड) वजेटको व्यवस्था गरिनेछ ।

७.	गाउँपालिकाभित्र रहेका बजार क्षेत्र तथा मुख्य मुख्य सडकसँग जोडिएर बन्ने भवनहरूको लागि नक्सा पासलाई अनिवार्य गर्ने व्यवस्था मिलाइनेछ । मोटरबाटोहरुको किनारामा वनाईने जुनसुकै प्रकारका पक्की संरचनाहरु निर्धारित मापदण्डभित्र रही वनाउनु पर्ने नीतिलाई कडाईकासाथ लागु गरिनेछ । झिमरुक,गर्तङ र हुँगाउ नदीको आसपासमा पक्की संरचना वनाउँदा मापदण्ड तोकिने छ ।

८.	संघीय  समपुरक साझेदारीमा सञ्चालन हुने झिमरुक रिङ्ग रोड स्तरउन्नति र प्रदेश समपुरक वाट सञ्चालन हुने नव्वे भेडावारी नारीकोट मो.वा र वालुवा वडाचौर चिफ्लेटी काउले फेदी मो.वा निर्माण कार्य अगाडि वढाईने छ ।

९.	पालिका र प्रत्येक वडामा १/१ गौरबका आयोजना छनौट गरी कार्यान्वयन गरिने छ ।

१०.	गाउँपालिका भित्र रहेका विभिन्न जिर्ण खानेपानि, शौचालय तथा सिचाई कुलो मर्मत कार्य अगाडी वढाईने छ ।गा.पा परिसर भित्र सौदर्यकरण र चमेना गृह निर्माण गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

११.	वाग्दुला- वतासेडाँडा-मच्छि-ढाँड सडकलाई आ.व २०८१/८२ मा संघ,प्रदेश र पालिकाको साझेदारीमा डि.पि.आर कार्य पूरागरी गाउँपालिका पहुँच मार्ग भित्रको मापदण्डमा रही कालो पत्रे कार्य सुरु गरिने छ ।

१२.	वाग्दुला भिमगिठे सडकको कारण वर्सौदेखी ओझेलमा परेको र आमनागरिकहरुले लामो समयदेखी सास्ति खेप्दै आएको यस सडकलाई प्रदेश र संघको समपुरक योजनामा समावेस गरी वहुवर्षिय योजना अन्तरगतको ठेक्का लाग्ने गरी लुम्विनि प्रदेश र संघिय सरकारलाई अनुरोध गरिने छ।आगामी तिन वर्ष भित्र वाग्दुला देखी मच्छि ढाँडा सम्म कालोपत्रे सम्पन्न हुने गरी सवै प्रकृया अगाढी वढाईने छ । आ.व २०८१/८२ को लागी संघिय सरकार १ करोड, प्रदेश सरकार ७५ लाख र झिमरुक गाउँपालिका वाट १ करोड विनियोजन गरी २ करोड ७५ लाख को कार्य अगाडी वढाईने छ ।

१३.	ढाँड,पिडाल्ने स्यालपाखा झिमरुक जलविद्युत आयोजना निर्माणको लागि गाउँपालिकावाट आवश्यक पहल गरिनेछ ।

## सञ्चार तथा सुचना प्रविधि

१४.	यस गाउँपालिका क्षेत्रका बासिन्दालाई सहजरुपमा ईन्टरनेटको सुविधा पुऱ्याउन यसै वर्ष सुचना तथा सञ्चार मन्त्रालय को सहयोगमा 4G सेवा सञ्चालनमा आएको छ । गाउँपालिका अन्तरगतका सरकारी निकायहरुमा जडान गरिएको ईन्टरनेटको क्षमता वृर्दि गरिने छ ।

गाउँपालिका तथा इन्टरनेट पहुँच पुगेका वडा कार्यालयमा अनलाइन राजश्व प्रणाली शुरुवात गरीएको छ । राजश्व प्रशासनलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउन कर्मचारीहरुका लागि थप तालिमका साथै प्रविधि सुधार तथा क्षमता विकासमा लगानी गरिनेछ

उर्जा

१५. बैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रसँग समन्वय गरी सौर्य सडक बत्ती जडान तथा विद्युतिय ईन्डक्सन चुलो वितरण गर्न आवश्यक व्यवस्था मिलाईने छ ।जस अनुसार यसै आर्थिक वर्षभित्र ५४० थान ईन्डक्सन चुलो वितरण गरिने व्यवस्था मिलाईएको छ ।

**सभाका सदस्यज्यूहरु ,**

**अब म सामाजिक विकास तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

**स्वास्थ्य तथा पोषण**

१६. ६० वर्ष भन्दामाथिका ज्येष्ठ नागरिकहरु र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई निःशुल्क आँखा उपचारका लागि प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल विजुवारमा आ.व.२०७६/७७ देखि उपचारको व्यवस्था मिलाईएकोमा आ.व २०८१/८२ मा पनि सो सुविधा उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईने छ ।

१७. आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि सूचीकृत गरीएका अत्यावश्यक औषधी खरिदका लागि आवश्यक बजेटको सुनिश्चितता गरिनेछ ।

१८. स्वास्थ्य संस्थाको पहुँचवाट टाढा रहेको वडा नं २ को देउराली,वडा नं ५ ओखरकोट र वडा नं ७ को कुतामा सामुदायिक स्वास्थ्य ईकाई भवन निर्माण गरी सञ्चालनमा ल्याईने छ । स्वास्थ्य सेवाको पहुँच गाउँवस्तीस्तरसम्म पुऱ्याउन खोप क्लिनिक र गाउँघर क्लिनिकलाई थप प्रभावकारी बनाउदै भौतिक पूर्वाधार थप गर्दै लगिने छ।साथै आवश्यकता अनुसार जनशक्तिको व्यवस्थापन गरी सामुदायिक स्वास्थ्य एकाइ विस्तार गरिनेछ ।

१९. गुणस्तरीय स्वास्थ्य सेवा प्रदानको लागि ६ वटा खोप क्लिनिक र गाउँघर क्लिनिक भवन निर्माणको लागि आवश्यक वजेटको व्यवस्था मिलाइनेछ । मातृ तथा बाल स्वास्थ्य, प्रजनन स्वास्थ्य,पोषण स्वास्थ्य,लगायत आधारभूत स्वास्थ्यको लागि आवश्यक बजेट तथा कार्यक्रमहरूको तर्जुमा गरिनेछ ।

२०. क्यान्सर,मुटु,मृगौला लगायतका विपन्न नागरीक औषधी उपचार वापत दिर्घरोगीहरुलाई दिइदै आएको आर्थिक सहायतालाई निरन्तरता दिइने छ ।

२१. झिमरुक गाउँपालिकाभित्र सुचिकृत स्वास्थ्य संस्थाहरु र जिल्ला अस्पत्तालमा प्रसुति सेवा लिन जाँदा र फर्कंदा लाग्ने यातायात खर्चमा नेपाल सरकारले दिएको यातायात खर्च सुविधामा थप रकम उपलव्ध गराउने व्यवस्था लाई निरन्तरता दिईने छ ।सुरक्षित प्रसुति सेवा केन्द्रको संख्या बढाईने र समुदायस्तरमा घरमा सुत्केरी हुँदा हुने जोखिमका बारे सचेतिकरण गर्ने नीति अवलम्वन गरिने छ।

२२. झिमरुक गाउँपालिकाका नागरिकहरुलाई सुलभ स्वास्थ्य सेवा उपलव्ध गराउन ओखरकोट स्वास्थ्य चौकीलाई स्तरउन्नती गरी १५ शैयाको अस्पतालको भवन निर्माणकार्य भईरहेको छ । निर्माण सम्पन्न पश्चात सञ्चालनमा ल्याईने छ ।

२३. यस गाउँपालिकामा रहेको नागरिक आरोग्य सेवा केन्द्रबाट प्रदान गरिने आर्युर्वेदिक स्वास्थ्य सेवालाई थप प्रभावकारी वनाउन आवश्यक पूर्वाधार र औषधीको व्यवस्था मिलाईने छ ।आगामी वर्ष सो केन्द्रवाट योग पञ्चकर्म सेवा विस्तार गर्न आवश्यक व्यवस्था मिलाईने छ ।त्यसै गरी पतञ्जली योगाभ्यास कार्यक्रमलाई पनि प्रयोगमा ल्याउने कोशिस गरिने छ ।

२४. गाउँपालिकाभित्र रहेका एच.आई.भि संक्रमितहरुको पोषण स्वास्थ्यमा सुधार ल्याउने र एच. आई.भि तथा एड्स सम्वन्धी सचेतना तथा लान्छना र विभेद न्युनीकरण सम्वन्धि अभिमुखीकरण कार्यक्रमका लागि वजेटको आवश्यक प्रवन्ध मिलाईने छ।

२५. झिमरुक गाउँपालिकाभित्र रहेका असहाय अशक्त गरीब तथा विपन्न वर्गको लागि निशुल्क स्वास्थ्य विमा गरिदिने कार्यलाई प्राथमिकतामा राखि निरन्तरता दिईने छ । महिला सामुदायिक स्वास्थ्य स्वयंमसेवीकाहरुले गरेको कार्यको उच्च मुल्याङ्कन गर्दै प्रोत्साहन रकमलाई निरन्तरता दिईने छ ।

२६. गाउँपालिका भित्र रहेका ८४ वर्ष माथिका जेष्ठ नागरिकहरुलाई स्वास्थ्यकर्मीबाट गरीदै आएको घरभेट कार्यक्रमलाई थप प्रभावकारी गराउन र जेष्ठ नागरिकमा देखिने स्वास्थ्य समस्या अनुसारको आवश्यक औषधी निशुल्क औषधि उपलव्ध गराउन आवश्यक व्यवस्था मिलाईने छ ।

२७. वहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत सुनौलो हजार दिनका आमा र वच्चालाई केन्द्र विन्दुमा राखेर पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।साथै महिला वालवालिका र किशोरीहरुमा हुने सवै प्रकारको कुपोषणको अवस्था घटाउन वहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ ।

२८. महिला, बालबालिका र किशोरीहरुमा हुने सबै प्रकारको कुपोषणको अवस्था घटाउन यस गाउँपालिकाले बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप विस्तार गरिनेछ ।

२९. शिशु तथा बाल्यकालीन पोषणमा स्तनपान, पूरक खाना, स्याहार सुशार सम्वन्धी बानी, सरसफाई, स्वच्छता, खाद्य सुरक्षा, संक्रमणको अवस्थामा समुचित उपचार जस्ता विषयहरुलाई एकीकृत रुपमा सम्वोधन हुने गरी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

## शिक्षा, युवा तथा खेलकुद

३०. सामुदायिक विद्यालयहरुको आवश्यकता आधारमा भौतिक पूर्वाधारहरुको विकास गरी विद्यालयहरूलाई बालमैत्री,अपाङ्गमैत्री र लैंगिकमैत्री बनाइनेछ । शैक्षिक गुणस्तर अभिवृद्धिको लागि प्रधानाध्यापक र शिक्षकहरूलाई थप उत्प्रेरित गर्ने आवश्यक कार्यक्रमहरु गरिने छ।

३१. कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम (हाम्रो झिमरुक) निर्माण भई यस आ.व. मा कक्षा १-३ सम्म कार्यन्वयनमा ल्याइएकोमा आगामी वर्ष कक्षा ५ सम्म लागु गरीनेछ। गाउँपालिकास्तरमा नमुना तथा आवासीय विद्यालय सञ्चालनका लागि आवश्यक व्यवस्थापकीय कार्यको थालनी गरिनेछ ।

३२. खेल क्षेत्रको विकास र विस्तारका लागि खेलकुद संरचना निर्माण तथा खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ।यसबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न योग्य युवा खेलाडी तयार हुने अपेक्षा गरीएको छ।साथै पालिकास्तरमा विद्यार्थीहरुका लागि अतिरिक्त क्रियाकलाप संचालन गर्ने व्यवस्था मिलाईने छ ।

३३. विद्यार्थीहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यालयहरुको संस्थागत क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ।साथै शैक्षिक मुरल कार्यक्रम जोडेर यसलाई थप व्यवस्थित गरीने छ ।

३४. शिक्षाको गुणस्तर वृद्धि गर्नको लागि शिक्षक दरबन्दी कम भएका विद्यालयहरुलाई शिक्षक अनुदान रकम दिने व्यवस्थालाई निरन्तता दिइने छ।गौमुखी बहुमुखी क्याम्पसमा अध्ययनरत सबै तहका विद्यार्थीहरुको भर्ना शुल्क र मासिक शुल्कमा अनुदान दिई निःशुल्क पढ्न पाउने व्यवस्थाको लागि आवश्यक बजेटको व्यवस्था मिलाईने छ । कुनै कारणले गा.पा. अनुदानको शिक्षकको दरवन्दी खाली हुन गएमा शिक्षा व्यवस्थापन कार्यविधि,२०७५ को परिच्छेद -१४ को दफा ८३ को (२)को क, ख, ग, घ र ङ को मापदण्ड भित्र रही एकमुष्ठ अनुदान रकम उपलब्ध गराउन सकिने छ ।

३५. निजि विद्यालयहरुमा नियमानुसर छात्रवृत्तीको कोटामा पढ्ने विद्यार्थिहरुको हक सुनिश्चित गरिने छ ।विपन्न वर्गका परिवारका बालबालिकाहरुलाई छात्रवृत्ती सहयोगमा प्राविधिक शिक्षा अध्ययनको व्यवस्थालाई निरन्तरता दिइने छ।

३६. शिक्षण सिकाईमा कृतिम वौद्धिकता र डिजिटल प्रविधिको प्रयोगवारे तालिमको व्यवस्था मिलाईने छ । साथै शिक्षक सेवा र लोक सेवा तयारी कक्षा संचालन सम्वन्धी तालिमको व्यवस्था गरिने छ ।

३७. बालबालिका तथा युवाहरूको लागि आवश्यक खेलकुद संरचनाको निर्माण गर्ने नीति अवलम्वन गरिनेछ । मच्छी मैनाके खेलकुद संरचना निर्माण कार्यलाई अगाडी वढाईने छ ।

## खानेपानी तथा सरसफाई

३८. विद्युतद्धारा सञ्चालनमा आएका लिप्ट खानेपानी आयोजनाहरुको विद्युतिय विलको ५० प्रतिशत रकम गाउँपालिकाबाट अनुदान वापत उपलब्ध गराउन आवश्यक वजेटको व्यवस्था मिलाईने छ।

३९. दिगो विकास लक्ष्यलाई अनुसरण गर्नको लागि वास प्लानमा रहेका सुचकलाई आत्मसाथ गर्दै योजना निर्माण गरी कार्यान्वयनमा ल्याईने छ । प्रत्येक घरपरिवारलाई सुरक्षित खानेपानी प्रयोगको लागि १ घर १ धाराको निर्माण गरिने छ । विद्यालय तथा सामुदायिक संस्थामा सरसफाइ स्वच्छता सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ। पूर्ण सरसफाइको लागि समुदाय स्तरमा अभिमुखिकरण तथा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४०. खानेपानीको शुद्दता परिक्षण गर्नका लागि गाउँपालिकामा ल्याव स्थापना गरी पानी परिक्षण गर्ने व्यवस्था मिलाईएको छ ।सुरक्षित खानेपानी यूक्त समुदाय घोषणको लागि अभियान सञ्चालन गरिनेछ। खानेपानी योजनाहरुको दिगो विकास र नियमित मर्मत संभारको लागि दक्ष जनशक्ति उत्पादन सम्वन्धि तालिम सञ्चालन गरिनेछ ।

## पञ्जिकरण सेवा एकाईतर्फ

४१. सामाजिक सुरक्षा नवीकरण तथा घटना दर्ता गर्ने कार्यमा आवश्यक वायोमेट्रिक भेरीफिकेशन उपकरणको व्यवस्था मिलाईने छ।

४२. वडा सचिव र सम्वन्धित कर्मचारीहरुलाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्वन्धी अभिमुखीकरण तालिमको व्यवस्था मिलाईने छ ।

४३. बैकहरुसँग समन्वय गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई बस्ति स्तरबाट वितरण गर्ने कार्यलाई व्यवस्थित गरिने छ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सांस्कृतिक प्रवर्द्धन**

४४. मानव विकास सूचकाङ्कको आधारमा पछाडि परेका वर्ग र समुदायको सशक्तिकरण गर्दै आर्थिक तथा सामाजिक रूपान्तरणको लागि लक्षित वर्गका कार्यक्रमहरु सञ्चालन गरिनेछ । सिप तथा क्षमता विकास तालिम सञ्चालन गरी गाउँपालिका भित्र रोजगारी श्रृजना गर्ने तर्फ प्राथमिकताका साथ कार्य योजना बनाईने छ ।

४५. अन्तराष्टिय सन्धि सम्झौताको मर्मलाई आत्मसाथ गरी सामाजिक वञ्चितिकरणमा परेका वर्गलाई सक्षम र सवल वनाउन सामाजिक नक्साङ्कन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको निती अवलम्वन गरी विकासको मुल प्रवाहमा ल्याईने छ । ४५ वर्ष माथिका सुविधाविहिन एकल महिलालाई मासिक भत्ताको व्यवस्था गरिने छ ।

४६. "झिमरुकको शान, लक्षित वर्गको सशक्तिकरण तथा सम्मान" को नीति अनुरुप लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि सम्बन्धित वर्गहरुको समानता एवं उत्थानका लागि सम्मान कार्यक्रम,क्षमता विकास कार्यक्रम, चेतनामूलक कार्यक्रम, आयमूलक एवं रोजगारमूलक कार्यक्रमहरु सञ्चालन गरी सम्बद्ध संस्था एवं सेवा प्रदायक संस्थाहरुसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

४७. ज्येष्ठ नागरिकको ज्ञान, सिप र अनुभवलाई पालिका क्षेत्रको विकासमा प्रयोग गर्न पालिकाबाट ज्येष्ठ नागरिक लक्षित कार्यक्रमलाई थप प्रभावकारी बनाईने छ ।ज्येष्ठ नागरिकको संरक्षण गर्न ज्येष्ठ नागरिक कल्याणकोषलाई व्यवस्थित गरिनेछ ।

४८. बालबालिका तथा किशोर किशोरीहरुलाई सबै प्रकारका हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरुको हक अधिकार प्रयोग गर्न योग्य र सक्षम नागरिकको रुपमा विकास गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ । अपाङ्गता भएका व्याक्तिहरुको कार्यक्षमताको आधारमा सम्मान र सहयोग गरिनेछ ।

४९. महिला हिंसा, जातीय भेदभाव तथा छुवाछुत जस्ता कुरीतिहरुलाई न्यूनिकरण गरी सामाजिक सद्भाव कायम गर्न लैगिक समानताको लागि शसक्तिकरण मा जोड दिईने छ ।

५०. नयाँ निर्माण हुने सार्वजनिक पूर्वाधारहरुलाई वालमैत्री, ज्येष्ठ नागरिकमैत्री, अपाङ्गतामैत्री हुने गरी निर्माण गरिनेछ ।लैङ्गिक बजेट तर्जुमा तथा लैङ्गिक वजेट परीक्षणको नीति अवलम्वन गरिनेछ ।साथै लैङ्गिक समानता सामाजिक समावेशिकरण प्रवलिकरणको निति अवलम्वन गरिने छ ।

५१. वालविबाह, बालश्रम, घरेलु हिंसा, लैगिक हिंसा न्यूनिकरणका कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि वढाइने छ ।लैंगिक हिंसा निवारण कोषलाई व्यवस्थित गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।सामाजिक सुरक्षा भत्ता टोल बस्तीमै वितरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

५२. लोपोउन्मुख सास्कृतिक महत्वका प्रथा, प्रचलन र संकारहरुको अस्तित्व रक्षाको लागि आवश्यक वजेटको व्यवस्था मिलाईने छ ।

५३. झिमरुक गाउँपालिकाभित्र रहेका कोट घर तथा देवस्थलहरुलाई पर्यटकीय स्थलको रुपमा विकास गरी प्रचार प्रसारमा जोड दिइनेछ र मागको आधारमा पुजाआजा खर्चको लागि आवश्यक वजेटको व्यवस्था मिलाइनेछ ।

५४. विभिन्न पर्वहरुलाई व्यवस्थितरुपमा सञ्चालन गर्न, धार्मिक क्षेत्रहरुको मौलिकता तथा ऐतिहासिक महत्वको उजागर गर्दै यस क्षेत्रको संस्कृति प्रर्वद्धन गरी हाम्रो संस्कृति हाम्रो पहिचानको अवधारणको नीति लिइने छ । परम्परागत पर्व तथा संस्कृति संरक्षणको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

५५. स्थानीय मौलिक एवं प्राचीन वास्तुकला प्रवर्द्धन गर्न स्थानीय निर्माण सामग्री प्रयोग गरी सुरक्षित घर निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ। गाउँपालिकाभित्रको संस्कृति झल्किने गरी विभिन्न जातजाति तथा भेषभुषा समेट्ने खालका कार्यक्रमलाई निरन्तरता दिइने छ ।

**सभाका सदस्यज्यूहरु ,**

**अब म आर्थिक विकास तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

## कृषि तथा पशुपन्छी विकास

५६. कृषि तथा पशुपन्छी क्षेत्रमा आईपर्ने सम्भावित विपद्को लागि कृषि तथा पशुपन्छी विपद् कोषलाई निरन्तरता दिईनेछ। बाली विरुवामा देखा पर्ने रोग तथा किरा नियन्त्रण गर्नका लागि निशुल्क रुपमा बिषादी वितरणको व्यवस्था मिलाईनेछ।

५७. किसान सूचीकरण कार्यक्रमलाई प्रभावकारी बनाई सबै वडाका कृषकहरुलाई किसान परिचय पत्र वितरण गर्ने व्यवस्था मिलाईनेछ। सुन्तला पकेट विस्तार कार्यक्रमलाई प्राथमिकतामा राखी सुन्तलाजात फलफूलको उत्पादन तथा उत्पादकत्व बढाउन जोड दिईनेछ।

५८. मकै बालीको उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषकको आयस्तर बढाउनका लागि वेसार,कोदो,फापर,आलु र भट्टमास बाली प्रवर्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ। खाद्यान्न बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नका लागि उन्नत बिउ उपयोगमा ५० प्रतिशत मूल्य अनुदानमा खाद्यान्न बालीको बिउ वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

५९. झिमरुक गाउँपालिकाको स्वामित्वमा रहेको कृषि तालिम तथा नमुना प्रदर्शनी केन्द्रलाई नमुना फर्मको रुपमा विकास गरी कृषकहरुलाई अवलोकन तथा सिकाई प्रकृयामा सहभागी गराईनेछ। कृषि तथा पशुपन्छीको बिमा गर्दा विमाङ्क रकममा ५० प्रतिशत रकम कृषकहरुलाई अनुदान स्वरुप उपलब्ध गराईनेछ। कृषकबाट उत्पादित कृषिजन्य उपजलाई बिक्री वितरणका लागि जग्गा भाडामा लिई कृषि हाटबजार सञ्चालन प्रकृयालाई अगाडी बढाईनेछ।

६०. अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिलाई सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरी कृषक पेन्सन कार्यक्रमलाई अगाडी बढाईनेछ। वडा तथा पालिका स्तरीय कृषक सञ्जाल गठन गरिनेछ।

६१. कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ। कृषकहरुले उत्पादन गरेको कोदो, फापर, आलु, भटमास र हलेदोलाई सहकारी संस्था मार्फत खरिद बिक्री गर्ने व्यवस्था मिलाईनेछ।

६२. कृषकहरुलाई योगदानमा आधारीत पेन्सन तथा कृषि उपज वस्तुमा उत्पादनको आधारमा अनुदान दिने आवश्यक व्यवस्था मिलाईने छ ।आलु उत्पादक कृषकलाई उत्पादनको आधारमा विशेष अनुदानको व्यवस्था मिलाईने छ ।कफि खेती विस्तारको लागी सम्भाव्यता अध्यन गरी ठोस कार्यक्रम वनाईने छ ।

६३. पशुपन्छीको उपचारका लागी कान्जिहाउस निर्माण तथा पशुपन्छीमा देखा पर्ने रोगको रोकथाम तथा निदान गर्नका लागि औषधी र खोपको आवश्यक प्रबन्ध मिलाईनेछ।कृर्षि तथा पशुपन्छी विपद कोषको स्थापना तथा पशुहरुमा कृत्रिम गर्भाधारण कार्यक्रमलाई अगाडि वढाईने छ ।

## लघुउद्यम विकास कार्यक्रम

६४. गरीबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम मार्फत बिभिन्न सिप बिकास तालिम, व्यवसायी प्रर्वद्धन कार्यक्रम सञ्चालन गरिनेछ । लघु उद्यम बिकास कार्यक्रम लाई अपुग बजेटको आवश्यक व्यवस्था मिलाईने छ ।

६५. जुत्ता,चप्पल उत्पादन,बास प्रशोधन, चोयाँचित्रा उद्योग उद्यमशिलता  प्रवर्धन कार्यक्रम र सावुन र सरफ बनाउने  जस्ता नयाँ घरेलु उद्योगहरु सञ्चालन गर्ने नीति अंगिकार गरिएको छ ।

६६. उद्यमशिल तालिम प्राप्त गरेका उद्यमिहरुलाई प्रविधि हस्तान्तरण अन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गर्ने नीति लिईने छ ।

## सहकारी

६७. झिमरुक गाउँपालिकाको सहकारी नीतिमा आवश्यक अध्ययन गरी परिमार्जन गर्दै लगिनेछ। झिमरुक गाउँपालिका भित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुलाई व्यवस्थित रुपले सहजिकरण गर्न सहकारी सञ्जाल गठन कार्यलाई पुर्णता दिईने छ।

६८. सहकारी संस्थाहरुको नियमित अनुगमन तथा नियमन, प्रवर्द्धन गर्दै सहकारी संस्थाहरुमा सुशासन कायम गर्न आवश्यक व्यवस्था मिलाइने छ।

६९. गाउँपालिकाभित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुमा कोपोमिस प्रणाली अनिवार्य रुपमा प्रयोगमा ल्याउन, लेखा व्यवस्थापन चुस्त बनाउन, सहकारी क्षेत्रमा नेतृत्व र वित्तीय विश्लेषण क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम कार्यक्रमको व्यवस्था मिलाइने छ।

७०. संविधान जारी हुनभन्दा पहिलेनै दर्ता भएका सहकारी संस्थाहरुको विनियमलाई नेपालको संविधान र सहकारी कानूनसंग तादम्यता मिलाउन विनियमको पुनर्लेखन  प्रकृया अगाडि बढाउन आवश्यक नीतिगत व्यवस्था मिलाईने छ।

७१. सहकारी प्रर्वदन विकास कोष स्थापना गरिने छ ।झिमरुक गाउँपालिकाभित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुको अवस्था झल्कने गरी सहकारी संस्थाहरुको प्रोफाईल तयार गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

## पर्यटन

७२. गाउँपालिकाभित्रका महत्वपुर्ण पर्यटकीय क्षेत्रमा पर्यटकीय सूचनालाई विद्युतीय सूचनामा आवद्ध गरी पर्यटन प्रवर्द्धन गरीनेछ ।प्रशिद्व धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक तथा जैविक विविधता समेतका दृष्टिले मनोरम प्राकृतिक क्षेत्रहरु, गुफा  र पुरातात्विक कोटहरू जस्ता महत्वपूर्ण स्थानहरुको पर्यटन प्रवर्द्धन गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।

७३. पर्यटन क्षेत्रको उत्थानको लागि आन्तरिक पर्यटन प्रवर्द्धन गर्न जोड दिईनेछ । ईस्नाथान पर्यटकिय पूर्वाधार निर्माण, ढाँड रक गार्डेन पूर्वाधार निर्माण कार्य अगाडि वढाईने छ । बाँदिकोट ओखरकोट कोटघर, , नेपाने खेलकुद मैदान र इस्नाथान जस्ता पर्यटकीय क्षेत्रको पूर्वाधारहरूको डि.पि.आर.मा उल्लेख भए वमोजिम निर्माणको कार्य प्रारम्भ गरिनेछ । एक वडा एक प्रर्यटन गन्तव्यको विशेष कार्यक्रम वनाईने छ ।

## रोजगारी

७४. गाउँपालिकाबाट सञ्चालन हुने भौतिक पूर्वाधारका आयोजनाहरुमा आवश्यक निर्माण सामग्री गाउँपालिकाको स्रोतबाट व्यवस्था गरी मानवीय जनशक्ति प्रधानमन्त्री रोजगार कार्यक्रमबाट परिचालन गर्ने गरी रोजगार कार्यक्रमसँग म्याचिङ्ग गर्ने कार्यक्रम कार्यान्वयनको नीति लिइने छ ।

७५. स्थानिय स्तरमा रोजगारीको प्रवर्द्धनका लागि सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ । बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार व्यवस्थापन प्रणालीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ ।

७६. सूचिकृत बेरोजगारहरुलाई सडक मर्मत कर्ता (लेन्थवर्कर) र बाँझो जमिन उपयोगमा ठोस कार्यविधि वनाएर खटाउने व्यवस्था मिलाईने छ ।

**सभाका सदस्यज्यूहरु,**

**अब म वन, वातावरण, भूसंरक्षण तथा विपद्व्यवस्थापन तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

## वन, वातावरण तथा विपद् व्यवस्थापनः

७७. खोज, उदार तथा राहतका लागि आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना गरिएको छ । सो केन्द्रको समयानुकुल स्तरउन्नति गर्ने निति लिईने छ । साथै वडा तह सम्म आपतकालीन केन्द्र सञ्चालन गर्न आवश्यक उद्धार सामाग्रीको व्यवस्था गर्दै लगिने छ।विपदजन्य घटनासँग जुद्धनको लागी गाउँपालिका स्तरमा विपद प्रतिकार्य तथा कृतिम अभ्यास तालिम सञ्चालन गरिनेछ ।

७८. बाढिपहिरो, हावाहुरी, असिना, चटयाङ, आगोलागि जस्ता प्रकोप तथा विपद्लाई व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ । राहत उद्धारको कार्यलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।

७९. जलवायु परिवर्तनका कारण खडेरी, बाढी तथा प्रतिकुल मौसममा आइपर्ने प्राकृतिक प्रकोपहरुको व्यवस्थापनको लागि आवश्यक कार्ययोजना वनाई कार्यान्वयन गरिनेछ। भौतिक पूर्वाधार निर्माण गर्दा अनिवार्य रुपमा वायो इन्जिनियरिङ्ग गर्ने र बाटो निर्माण गरीसकेपछि बाटोको किनारामा घाँस तथा बृषारोपण गर्ने व्यवस्था मिलाईने छ।

८०. गाउँपालिका अन्तर्गत रहेका सामुदायिक वन उपभोक्ता समितिलाई व्यवस्थित गर्ने तथा वन संरक्षण र विकासको सदुपयोगलाई प्रभावकारी र पारदर्शी बनाउने नीति अवलम्बन गरिनेछ ।

८१. झिमरुक नदी र गर्तङ्गखोलाबाट नदीजन्य पदार्थ उत्खनन् कार्यको लागि वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) अनुसार तोकिएको मापदण्ड अनुसार निकासी गर्न व्यवस्था मिलाईने छ ।

## फोहोरमैला व्यवस्थापनः

८२. बजार तथा नदी, खोलामा हुने फोहोरमैलाको न्यूनिकरणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ । फोहोरमैला व्यवस्थापन लाई थप व्यवस्थित गरिनेछ। फोहोर संकलन कार्यलाई नियमन र जिम्मेवार बनाउन आवश्यक नीतिगत व्यवस्था गरी करको दायरामा समेटिनेछ ।

८३. विभिन्न सभा,समारोह,कार्यक्रममा प्रयोग हुने खादालाई निरुत्साहित गर्दै स्थानीय फुलमालाहरुको प्रयोगलाई प्रेरित गरिनेछ।

**भू तथा जलाधार संरक्षण, वातावरण संरक्षणः**

८४. गाउँपालिका भित्रका जलाधारहरुको पहिचान गरी संरक्षण गरिनेछ ।जलाधार क्षेत्रको संरक्षणका लागि रिचार्ज पोखरी निर्माण कार्यलाई निरन्तरता दिइने छ। भौतिक संरचनाहरुको निर्माण गर्दा पानीका मुहानहरुको संरक्षण हुने तथा पहिरो तथा भूक्षयको जोखिम कम हुने गरी गरिनेछ ।

८५. प्लाष्टिकजन्य वस्तुहरुको प्रयोगलाई निरुत्साहन गर्दै विस्तारै प्लाष्टिक मुक्त गाउँपालिका निर्माण गरिनेछ ।

**सभाका सदस्यज्यूहरु ,**

अब म सार्वजनिक सेवा, संस्थागत क्षमता विकास, सुशासन र सुदृढिकरण तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**सार्वजनिक सेवा प्रवाह तथा सुशासन प्रबर्द्धनः**

८६. नागरिकको सूसुचित हुने हकलाई संरक्षण गर्न पालिका र यस अन्तरगत सेवा प्रदायक निकायबाट भए गरेका कामहरु वेभसाईट सञ्चार माध्यम सूचना पाटीमा प्रकाशन गरिनेछ ।

८७. आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ। सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरी सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही वनाईने छ।

८८. सार्वजनिक सेवा प्रवाह लाई नतिजामुलक बनाउन कार्य सम्पादन सम्झौता गर्ने निति अवलम्वन गरिने छ ।

८९. घुम्तिसेवाहरुलाई प्राथमिकता दिई जनतालाई घरदैलोमा सेवा दिने व्यवस्था मिलाईने छ । गाउँपालिकामा प्राप्त भएका गुनासोहरुलाई छिटो छरितो ढंगवाट सम्बोधन गरिनेछ ।

९०. श्रोत साधनहरुको अधिकतम परिचालन गरी गाउँपालिकाको आन्तरिक आय वृद्धिमा विशेष जोड दिइनेछ ।नागरिक सहायता कक्षमा सचेतनामुलक जानकारीको लागि टेलिभिजनवाट सूचना प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

९१. नागरिक वडापत्र, सोधपुछ कक्ष, नागरिक सहायता कक्ष, गुनासो सुन्ने अधिकारी को व्यवस्था गरी नागरिक गुनासो व्यवस्थापन गरिनेछ । सेवा प्रवाहमा आधुनिक प्रविधिलाई प्रयोगमा ल्याइने छ ।भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ ।

९२. आयोजना सञ्चालन गर्दा उपभोक्ता समितिहरुलाई आयोजना पूर्व अभिमुखीकरण तालिम र आयोजनाको अन्तमा अनिवार्य रुपमा खर्च सार्वजनिक गर्ने व्यवस्थालाई कडाईकासाथ लागु गरिनेछ ।

९३. गैर सरकारी संघ / संस्थाहरुले सञ्चालन गर्ने कार्यक्रमहरुको लागि गाउँपालिकावाट अनुमति लिनु पर्ने र गाउँपालिकाको नीति अनुरुप कार्यक्रम सञ्चालन गर्ने गरी एकद्धार नीति अवलम्वन गरिनेछ ।

९४. अन्तर निकाय समन्वय बैठकहरु आयोजना गरी विकासमा सबै पक्षको सहकार्य सहयोग परिचालन गरिनेछ ।स्थानीय तहहरु विच प्राकृतिक स्रोतको संरक्षण र उपयोग, पूर्वाधार निर्माण, वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन, आपतकालिन सेवा व्यवस्थापन जस्ता विषयहरुमा सहकार्य र समन्वय गरिनेछ । अन्तर सरकारी समन्वय र सहजीकरण गर्न गाउँपालिकामा संरचना गठन गरिनेछ । गाउँपालिकासँग सिमाना जोडिएका स्थानीय

तहहरुसँग समन्वयात्मक बैठक वसी साझा सरोकारका विषयमा छलफल गरी आयोजना तथा कार्यक्रम सञ्चालन गरिनेछ।

## कानुन तथा न्याय

९५. मेलमिलापको माध्यमबाट जनतालाई छिटो छरीतो तथा सर्वशुलभ रुपमा न्याय पाउने व्यवस्था मिलाईने छ । सबै वडाहरुमा मेलमिलाप केन्द्रको स्थापना गरिनेछ ।मेलमिलाप कर्ताकोलागि क्षमता विकास र प्रोत्साहन समेत गर्ने गरिएको छ ।

## राजस्व तथा वित्तिय ब्यवस्था

९६. स्रोत साधनहरुको अधिकतम परिचालन गरी गाउँपालिकाको आन्तरिक आय वृद्धिमा विशेष जोड दिइने छ । राजश्व अभिबृद्धि गर्ने दिशामा प्रभावकारी कदम चालिने छ । गाउँपालिकाबाट प्रदान गरिनेसम्पूर्ण सेवाहरुलाई कर चुक्तासँग आबद्ध गरिनेछ।

९७. राजश्व प्रणालीमा कर नतिर्ने, कर बक्यौता राख्ने तथा पटक पटक सूचना प्रवाह गर्दा समेत अटेर गर्ने करदाताको विवरण संकलन गरी करको दायरामा ल्याउने नीति अवलम्वन गरिनेछ । पसलहरुमा अनिवार्य रुपमा मूल्य सूची राख्नु पर्ने व्यवस्था गरी मूल्य र गुणस्तरको नियमित अनुगमन गरिनेछ ।

## तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन

९८. पालिकामा तथ्याङ्क शाखा स्थापना गरिने छ । गाउँपालिकालाई आवश्यक विभिन्न तथ्याङ्कहरु समय समयमा संकलन गरिनेछ। संकलित तथ्याङ्कहरुको व्यवस्थित अभिलेख व्यवस्थापनको लागि सूचना प्रविधिको प्रयोग गरिनेछ । योजना तथा कार्यक्रमहरुलाई तथ्याङ्कसंग आवद्ध गरिनेछ ।

**अन्तमा,**

**सभाका सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमामा सहयोग पुऱ्याउने राजश्व परामर्श समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवं उपाअध्यक्षज्यु , गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु तथा विभिन्न बौद्धिक वर्ग प्रति हार्दिक आभार प्रकट गर्दछु । श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति तथा अन्य विषयगत समितिहरुमा भएका छलफलका क्रममा उक्त समितिका आदरणीय सदस्यहरुले दिनु भएका सुझाबहरु आर्थिक ऐन तथा प्रस्तुत नीति तथा कार्यक्रम तयारीका लागी सहयोगी भएको जानकारी गराउँछु । छलफलको क्रममा आ–आफ्नो तर्फबाट सुझाब दिनुहुने बुद्धिजिवी, अर्थशास्त्री, निजी क्षेत्रका संघ संगठनहरु,नागरिक समाज तथा सामुदायिक संस्था, सामुदायिक संगठनहरु, पत्रकार र गाउँपालिकाबासी तथा गाउँपालिका बाहिर स्वदेश तथा विदेशमा रहनु भएका दिदीबहिनी, दाजुभाईहरु सबैलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

**"हाम्रो झिमरुक राम्रो झिमरुक" हामी सवैको चाहना** हो। हामी यस चाहनालाई साकार पार्न गाउँपालिकाका भित्रका सम्पूर्ण जनप्रतिनिधी, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी , संचार जगत ,स्थानीय जन समुदाय, वुद्धिजिवी, समाजसेवी, नागरिक समाज, व्यवसायिक क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र, शिक्षक, विद्यार्थी, सुरक्षाकर्मी , उपभोक्ता समितिहरु, आमा समूह लगायत झिमरुकको विकास ,प्रगति तथा समृद्धिको लागि निरन्तर  चिन्तन मनन गर्ने सम्पूर्ण झिमरुकवासीहरु सवैको सहयोग, सहकार्य र सहभागिता साथै महत्वपूर्ण सहयोगी भूमिकाको अपेक्षा राखेको  छु ।

सिमित स्रोत र साधनवाट एकै पटक सवै आवश्यकताहरु पुराहुन सक्दैनन् तसर्थ वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतिहरुको सामना गर्न हामी सबै कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध बनौं । उज्वल भविष्य निर्माणको लागि आशावादी बनौं ।

**धन्यवाद !**

पित बहादुर महतरा क्षेत्री
अध्यक्ष तथा संयोजक
स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति
झिमरुक गाउँपालिका, प्युठान